दार्चुला जिल्ला अदालत

## श्री दार्चुला जिल्ला अदालतबाट जारी भएको लिलाम बढाबढ सम्बन्धी सार्बजनिक सूचना

(सूचना प्रकाशित मिति: २०७८।०५।१० *सूचना लागू हुने मिति-२०७८।०५।११ देखि तपसिलमा उल्लेख गरिए बमोजिम)

उपरान्त यस अदालतका माननीय जिल्ला न्यायाधीश ज्यू बाट यस अदालतमा विचाराधीन बिना इजाजत जडिबुटी (यार्सागुम्बा) ओसारपसार
मुद्दाहरुमा यार्सागुम्बा लिलाम बिक्री गरी प्राप्त रकम सम्बन्धित मुद्दाको हकमा नै धरौटीमा दाखिला गर्ने गरी भएको आदेशानुसार र माननीय
जिल्ला न्यायाधीश ज्यू बाट लिलाम प्रकृया अगाडि बढाउन अनुमति प्रदान भए अनुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२
बमोजिम गठित मूल्यांकन समितिले कायम गरेको तपसिलमा उल्लेख गरिए बमोजिम यार्सागुम्बाको एकमुष्ठ मूल्य भन्दा बढी रकम मध्ये जसले
जति रकममा लिलाम सकार गर्न चाहेको हो सो रकम उल्लेख गरी गोप्य सिलवन्दी बोलपत्र दर्ता गरी लिलाम बढाबढ प्रकृयामा भाग लिन सबै
योग्य इच्छुकहरुलाई आह्वान गरिएको छ। लिलाम हुने यार्सागुम्बाको बिवरण र लिलाममा सहभागी भई लिलाम सकार गर्न पूरा गर्नुपर्ने शर्तहरु
देहाय बमोजिम रहेको व्यहोरा सबैमा सूचित गरिन्छ।

### तपसिल

### लिलाम हुने यार्सागुम्बाको विवरण:-

| क्र सं | यार्सागुम्बाको विवरण | परिमाण | मूल्यांकन समितिले कायम गरेको एकमुष्ठ न्युनतम मूल्य रू. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी सहायक निरीक्षक मनोज खड्का समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गणेश सिंह बिष्ट भएको (मुद्दा नं.०७८-C२-०००२) बिना इजाजत जडिबुटी (यार्सागुम्बा) ओसारपसार मुद्दामा निज प्रतिवादीबाट बरामद भएको यार्सागुम्बा | ९० ग्राम (नब्बे ग्राम) | रु.७,२००।- (सात हजार दुई समय ) | |
| २ | प्रहरी सहायक निरीक्षक मनोज खड्का समेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपा महरा भएको (मुद्दा नं.०७८-C२-०००३) बिना इजाजत जडिबुटी (यार्सागुम्बा) ओसारपसार मुद्दामा प्रतिवादीबाट बरामद भएको यार्सागुम्बा | २४० ग्राम (दुई सय चालीस ग्राम) | रु.१९,२००।- (उन्नाइस हजार दुई सय) | |

### लिलाममा सहभागी भई लिलाम सकार गर्न पूरा गर्नुपर्ने शर्तहरु:-

फिर्ता नहुने दस्तूर रु.१०००।—तिरी मिति २०७८।०५।१७ गते
क. उपरोक्त यार्सागुम्बाको लिलाम बढाबढ प्रकृयामा सहभागी हुन चाहनेले फिर्ता नहुने दस्तूर रु.१०००।—तिरी मिति २०७८।०५।१७ गते
भित्र कार्यालय समयमा यस अदालतको तहसिल शाखामा निवदेन दिई बोलपत्र फाराम खरिद गर्न सकिने छ। निवेदक व्यक्ति भए नेपाली
नागरिकताको, कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको र यस आ.ब. सम्मको कर चुक्ता गरेको प्रमाणपत्र लगायतका
आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि साथै राखी निवेदन दिनु पर्ने छ। निवेदन दर्ता नगराई लिलाम हुने समयमा उपस्थित हुनेलाई लिलाम
बढाबढ प्रकृयामा सहभागी गराइने छैन। ख. लिलाम हुने उल्लेखित यार्सागुम्बा मूल्यांकन समितिले कायम गरेको एकमुष्ठ मूल्य भन्दा माथि कति
रकममा आफूले कबोल गर्न चाहेको हो सो रकम अंक र अक्षरमा स्पष्ट रुपमा छुट्टा छुट्टै मुद्दाको यार्सागुम्बाको हकमा छुट्टाछुट्टै खुलाउनु पर्ने छ।
बोलपत्रको साथमा उक्त कबोल अंकको १०% (दश प्रतिशत) ले हुने रकम राष्ट्रिय वाणिज्य बैंक दार्चुला शाखामा रहेको कोष तथा लेखा नियन्त्रक
कार्यालय दार्चुलाको धरौटी खाता नं.४०९०१००१०२०३०००० (कार्यालयको नाम-दार्चुला जिल्ला अदालत र कोड नं.२०४००७३०१) मा
जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत भए सो को सक्कल समेत पेश गर्नुपर्ने छ। ग. बोलपत्र दाखिला गर्दा खामको बाहिर बोलपत्रदाताको
नाम/थर, ठेगाना र भए इमेल ठेगाना, फोन तथा मोबाइल नं. समेत खुलाई लाहाछाप लगाई सिलवन्दी खाम मिति २०७८।०५।१८ गते
दिनको १० देखि २ बजे सम्ममा यस अदालतको तहसिल शाखामा दर्ता गराउनु पर्ने छ। बोलपत्र फाराम पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा
परेमा अदालत खुलेको पहिलो दिन कार्यालय समयमा दर्ता गराई सक्नु पर्ने छ। निवेदकहरुद्वारा दर्ता भएका सिलवन्दी बोलपत्र फारामहरु दर्ता
भएकै दिनको दिउँसो २ बजे देखि ५ बजे सम्म उपस्थित बोलपत्रदाताहरु र सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ,
निर्धारित समयमा बोलपत्रदाताहरु अनुपस्थित भएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रदाताहरु द्वारा पेश भएका बोलपत्रमा अंक र अक्षर
फरक परेमा अक्षरलाई र केरमेट गरिएकोमा सो स्थानमा सही भई पेश भएकोलाई मात्र मान्यता दिइने छ। म्याद भित्र निवेदन दिई सबैभन्दा
बढी रकम उल्लेख गरी सिलबन्दी बोलपत्र पेश गर्ने निवेदक भन्दा अन्य निवेदक/हरुले बढी रकममा लिलाम सकार गर्न चाहेमा त्यस्ता
निवेदकहरुलाई बढ रकमको १०% धरौटी रकम तत्काल नगदै यस अदालतमा जम्मा गर्न लगाई बढाबढ गराइने छ। घ. लिलाम प्रकृयामा
सहभागी भई सबैभन्दा बढी रकममा लिलाम सकार गर्न चाहने उपर सबै सरोकारवालाहरुलाई २ दिनको समय दिई दावी बिरोधको सूचना यस
अदालतको सूचना पाटीमा प्रकाशन गरिने छ। उक्त समयभित्र कसैको दावी विरोधको उजूरी परेकोमा सो सम्बन्धमा छानबिन गरी निर्णय भएको
मितिले र दावी बिरोधको उजूरी नपरेमा दावी बिरोधको उजूरी पर्ने समय ब्यतित भएको २ दिन भित्र बढी रकममा लिलाम सकार गर्न चाहनेलाई
लिलाम सकार गरी लैजान लिखित पत्र दिइने छ । लिखित पत्र नबुझे यस अदालतको सूचना पाटीमा सूचना टाँस गरिने छ । सबैभन्दा बढी
रकममा लिलाम सकार गर्न चाहने उपर दावी बिरोधको उजूरी नपरे वा दावी बिरोधको उजूरी परेकोमा सो सम्बन्धमा निर्णय भएको मितिले २ दिन
भित्र आफूले बोलकबोल गरेको रकमको बाँकी ९०% रकम, यार्सागुम्बाको छोडपूर्जी बनाउन तिर्नुपर्ने राजस्व, लिलाम सकार गरेको मूल्यमा
तिर्नुपर्ने मूल्य अभिवृद्धि कर समेत तिरी यार्सागुम्बा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लैजानका लागि लिखित पत्र हातैमा वुझाइने छ, हातमा
नबुझे इमेल वा फोन मार्फत जानकारी गराइने छ । सो बमोजिम समय भित्र यार्सागुम्बा लैजान नसके निजले जम्मा गरेको धरौटी रकम जफत
गरी पुन: नियमानुसार लिलामको प्रकृया अगाडि बढाइने छ। ङ. लिलाम बढाबढ प्रकृयामा कुनै प्रकारको मिलेमतो, अनियमितता र छुट भएको
देखिएमा यो लिलाम सम्बन्धी प्रकृयालाई रोक्ने, नियमित गर्ने र आवश्यक कानूनी कारवाही गर्ने साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस
अदालतलाई हुने छ। च. लिलाम हुने यार्सागुम्बा हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा अदालत समयभित्र सम्पर्क गरी हेर्न सकिने छ।
अन्य कुरा सम्बन्धित प्रचलित कानून बमोजिम हुने छ।

(तहसिल शाखा - दार्चुला जिल्ला अदालत)

तहसिलदार